# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(............................... शाखा)

पत्र संख्या :- ०७५/०७६

चलानी नं. :- ३६१८

रामशाहपथ, काठमाडौं

मिति २०७५।१२।१२

विषयः परिपत्र ।

श्री उच्च सरकारी वकील कार्यालय, सबै ।

प्रस्तुत विषयमा अभियोग दावी भित्र रही अदालतले न्यायिक स्वविवेक प्रयोग गरी सजाय निर्धारण गरेको फैसला उपर पुनरावेदन गर्ने/नगर्ने सम्बन्धमा देहाय बमोजिम गर्नु/ गराउनु हुन साथै मातहतका जिल्ला सरकारी वकील कार्यालयहरुमा समेत परिपत्र गर्नुहुन यस कार्यालयको मिति २०७५/१२/११ को निर्णयानुसार अनुरोध छ ।

क) अभियोग दावीको कसूर ठहर गरी अदालतले न्यायिक स्वविवेक प्रयोग गरी सजाय निर्धारण भएको फैसलामा कसूरको मात्रा र सजायको अनुपात मिलेको देखिएमा सम्बन्धित सरकारी वकीलले आधार र कारण उल्लेख गरी मुद्दाको लगत कट्टा गर्ने,

ख) अदालतले अभियोग दावी भित्र रही न्यायिक स्वविवेक प्रयोग गरी सजाय गर्दा मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने अवस्था विद्यमान देखिई कसूरको मात्रा र सजायको अनुपात मिलेको नदेखिएका फैसला उपर प्रतिवादीलाई बढी सजाय हुनुपर्ने आधारहरु उल्लेख गरी, पुनरावेदनको म्यादलाई ख्याल गरी, पुनरावेदनको मस्यौदा तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने,

ग) खण्ड (ख) बमोजिम प्राप्त भएको मिसिल तालुक कार्यालयले अध्ययन गर्दा पुनरावेदन गर्नु पर्ने अवस्था देखिएमा पुनरावेदन सुन्ने अदालतमा म्याद भित्रै पुनरावेदन-पत्र दर्ता गर्ने र पुनरावेदन गर्नु नपर्ने अवस्था भएमा आधार र कारण सहित निर्णय गरी मिसिल फिर्ता पठाउने र सो निर्णयको जानकारी महान्यायाधिवक्ताको कार्यालयमा पठाउने।

..............................

(बासुदेव लम्साल)

उपन्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.............................. शाखा)

रामशाहपथ, काठमाडौं


पत्र संख्या :- ०७५/०७६

चलानी नं. :- ८६९६

मिति २०७५।१२।१२.........

विषयः परिपत्र ।

श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं।

प्रस्तुत विषयमा अभियोग दावी भित्र रही अदालतले न्यायिक स्वविवेक प्रयोग गरी सजाय निर्धारण गरेको फैसला उपर पुनरावेदन गर्ने/नगर्ने सम्बन्धमा देहाय बमोजिम गर्नु/ गराउनु हुन यस कार्यालयको मिति २०७५/१२/११ को निर्णयानुसार अनुरोध छ ।

क) अभियोग दावीको कसूर ठहर गरी अदालतले न्यायिक स्वविवेक प्रयोग गरी सजाय निर्धारण भएको फैसलामा कसूरको मात्रा र सजायको अनुपात मिलेको देखिएमा सम्बन्धित सरकारी वकीलले आधार र कारण उल्लेख गरी मुद्दाको लगत कट्टा गर्ने,

ख) अदालतले अभियोग दावी भित्र रही न्यायिक स्वविवेक प्रयोग गरी सजाय गर्दा मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने अवस्था विद्यमान देखिई कसूरको मात्रा र सजायको अनुपात मिलेको नदेखिएका फैसला उपर प्रतिबादीलाई बढी सजाय हुनुपर्ने आधारहरु उल्लेख गरी, पुनरावेदनको म्यादलाई ख्याल गरी, पुनरावेदनको मस्यौदा तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने,

ग) खण्ड (ख) बमोजिम प्राप्त भएको मिसिल तालुक कार्यालयले अध्ययन गर्दा पुनरावेदन गर्नु पर्ने अवस्था देखिएमा पुनरावेदन सुन्ने अदालतमा म्याद भित्रै पुनरावेदन-पत्र दर्ता गर्ने र पुनरावेदन गर्नु नपर्ने अवस्था भएमा आधार र कारण सहित निर्णय गरी मिसिल फिर्ता पठाउने र सो निर्णयको जानकारी महान्यायाधिवक्ताको कार्यालयमा पठाउने।

..............................

(बासुदेव लम्साल)

उपन्यायाधिवक्ता


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(................पुनरावेदन.... शाखा)

पत्र संख्या :- ०७५/७६

चलानी नं. :- 10436

रामशाहपथ, काठमाडौं

मिति :२०७६/०१/०८

विषयः– परिपत्र ।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।

उपर्युक्त सम्बन्धमा वर्ष १७ का राजवहादुर भन्ने राजमान थामी उपर मुलुकी ऐन जवरजस्ती करणी को ३(३) नं. बमोजिम सजायको मागदाबी रहेकोमा दाबी बमोजिम कसूर ठहर भै ६ वर्ष कैदको सजाय हुनेमा प्रतिवादी १८ वर्ष मुनिको नाबालक देखिँदा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(४) र मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) वमोजिम उमेर पुगेको कसूरदारलाई हुने सजायको (दुई तिहाई) अर्थात ४ वर्ष कैद सजाय हुने गरी शुरु दोलखा जिल्ला अदालतबाट फैसला भएको देखिन्छ। फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसूरका सम्बन्धमा कसूर गर्दाका वखत भन्दा सजाय निर्धारण गर्दाका बखत कानून बमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नु पर्दछ" भन्ने व्यवस्था गरेकोले प्रस्तुत मुद्दाको फैसला कानून वमोजिम नै देखिँदा पुनरावेदन गर्नु पर्ने देखिएन।

अतः यसै प्रकृतिका मुद्दामा यही कानूनी व्यवस्था वमोज़िम अभियोग दावी लिँदाका बखत कायम रहेको कानूनमा बढी सजाय हुने व्यवस्था भएको तर फैसला गर्दाका बखत कायम रहेको कानूनमा घटी सजाय हुने व्यवस्था भएको कारणले प्रतिवादीलाई मागदावी भन्दा कम सजाय भए उपर पुनरावेदन नगर्ने प्रस्ताव पठाई निकाशा लिईरहन औचित्य पूर्ण नदेखिँदा त्यस्ता मुद्दाहरुमा कसूर कायम जनाई मुद्दाको लगत कट्टा गर्न मातहतका सरकारी वकील कार्यालयहरुमा समेत परिपत्र गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गरिन्छ।

.......................

(बासुदेव लम्साल)

उपन्यायाधिवक्ता

f:\letters\letter format softcopy.docx

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np